प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

(कानून तथा संवैधानिक मामिला महाशाखा)

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- २५

मिति : २०७५/०७/१९

विषय : प्रदेश समन्वय परिषद्‌को बैठकमा सहभागिता सम्बन्धमा ।

**श्री जिल्ला समन्वय समिति (सबै),**
गण्डकी प्रदेश, नेपाल ।
**श्री महानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै),**
गण्डकी प्रदेश, नेपाल ।

प्रस्तुत सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा व्यवस्था भए बमोजिमको प्रदेश समन्वय परिषद्‌को दोश्रो बैठक तपशील बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएको हुँदा देहायमा उल्लेख भएबमोजिमका पदाधिकारीहरुलाई उक्त बैठकमा सहभागी हुने व्यवस्था मिलाइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

तपशील :
**बैठक सञ्चालन हुने मिति** : २०७५/०८/११ र १२ गते
**बैठक शुरुवात हुने समय** : २०७५/०८/११ गते विहान ८:०० बजे
**स्थान** : ग्रान्ड होटल, विरौटा, पोखरा ।
**सहभागी हुनुपर्ने पदाधिकारीहरुको विवरण** : जिल्ला समन्वय समितिबाट जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख एवं महानगरपालिका/नगरपालिकाबाट महानगरपालिका/नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाबाट गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष ।

(पुनश्च : बैठकमा छलफलका लागि तय गरिएका विषयहरु यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । प्रदेश समन्वय परिषद्‌को बैठक सञ्चालन कार्यविधिको प्रारम्भिक मस्यौदाको hard copy र soft copy यस कार्यालयको च.नं. ०७, मिति २०७५/०५/०७ को पत्रमार्फत पठाइसकिएको छ । सो मस्यौदामा सुझाव भए सुझाव सहित उपस्थितिका लागि अनुरोध छ । बैठकमा सहभागीहरुका लागि खाजा र खानाको व्यवस्था आयोजकबाटै हुनेछ भने बसोबासको व्यवस्था सहभागी आँफैले गर्नुपर्नेछ । सबै जिल्ला समन्वय समितिहरुबाट जिल्ला अन्तर्गतका स्थानीय तहहरुमा आवश्यक पत्राचार तथा समन्वय गरिदिनुहुन समेत अनुरोध छ ।)

(पुरन गिरी)
**उपसचिव**

सादर अवगतार्थ :-
माननीय मुख्यमन्त्रीज्यू, गण्डकी प्रदेश, पोखरा ।
माननीय मन्त्रीज्यूहरु (सबै मन्त्रालय), गण्डकी प्रदेश पोखरा ।
श्रीमान् प्रमुख सचिवज्यू, गण्डकी प्रदेश पोखरा ।
श्रीमान् सचिवज्यूहरु (सबै मन्त्रालय), गण्डकी प्रदेश पोखरा ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल
(कानून तथा संवैधानिक मामिला महाशाखा)

**प्रदेश समन्वय परिषद्को दोश्रो बैठकमा छलफलका लागि तय गरिएका विषयहरु :**

- प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृति गर्ने सम्बन्धमा ।
- स्थानीय तहमा योजना तर्जुमा गर्दा दीगो विकास लक्ष्य आन्तरिकीकरण गर्ने सम्बन्धमा ।
- गण्डकी प्रदेश सभाबाट पारित भएका विभिन्न कानूनहरुको जानकारी र पालना गर्ने सम्बन्धमा ।
- प्रदेश र स्थानीय तहको कामकारबाहीमा नीतिगत सामन्जस्यता ।
- योजना व्यवस्थापनमा रणनीतिक साभ्रेदारी ।
- एकल र साभ्रा अधिकारक्षेत्रको प्रयोग ।
- प्राकृतिक श्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषय ।
- कर संकलन र बाँडफाँड ।
- सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन, अनुगमन, मूल्याङ्कन, अनुदान, प्रशिक्षण लगायतका विषयहरु ।
- कृषि तथा पशु विकास सम्बन्धमा ।
- गुठी व्यवस्थापन सम्बन्धमा ।
- गरिबी निवारण सम्बन्धमा ।
- कार्यालय भवन तथा अन्य सम्पत्ति स्थानान्तरण सम्बन्धमा ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सबालहरु ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, पुरातत्व, खेलकुद, श्रम, रोजगार सम्बन्धी सबालहरु ।
- स्थानीय तह र प्रदेश सरकारबीचको सहलगानी ।
- तथ्याङ्क व्यवस्थापन ।
- आ.व. २०७५/०६६ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
- आ.व. २०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

पुनश्चः थप विषयहरु भएमा पछि इमेलबाट जानकारी गराइनेछ ।